# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ४ सङ्ख्या : १ मिति : २०७७/०३/१७

**भाग-२**

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७७/०३/१७

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०३।१७)

हतुवागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

प्रदेश नं. १, नेपाल

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार,
१नं प्रदेश, नेपाल

मणिराम
प्रमुख प्रशा... अधिकृत

स्तावना : हतुवागढी गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य वामा सर्वसुलभ पहँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित र्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच वढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय रकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी हतुवागढी गाउँपालिकाले देहायको र्देशिका जारी गरेको छ ।

संक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका लाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ज) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति : (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) गाउँ कार्यपालिकाका सदस्य (महिला १, दलित १ ) | सदस्य |
| (घ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी, घोडेटार शाखा | सदस्य |
| (ङ) गाउँपालिकाको स्वास्थ्य संयोजक | सदस्य सचिव |

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, १नं प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एक पटक निर्धारण भएको भाडा एक वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१ एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

२ एम्बुलेन्स सेवा बापत उठेको रकम कार्यालयले एक अलग बैंक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

३ सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि कार्यालयले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता कार्यालयमा राखीने छ ।

४ सेवा दिएवापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी एम्बुलेन्स चालकको हुनेछ ।

५ कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

६ एवुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगवुक राख्नुपर्ने छ । लगवुक भर्ने जिम्मेवारी एवुलेन्स चालकको रहनेछ भने सोको प्रमाणीत गर्ने जिम्मेवारी एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको सदस्य सचिवको हुनेछ ।

**चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि कार्यालयले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार :** (१) एम्बुलेन्स हतुवागढी गाउँपालिका वडा नं. १ स्थित हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयको हातामा रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

चलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

विविध : (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

चालकले मागफारमका साथ कार्यालयमा रकम बुझाई स्वास्थ्य शाखाबाट अनुसूचि (४) बमोजिम कार्यादेश लिई काममा जानु पर्नेछ ।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(निर्देशिकाको दफा (५) को उपदफा (१) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.सं. | सडकको प्रकार | दररेट (इन्धन र कर रकम सहित) |
|---|---|---|
| १ | कच्ची सडक (प्रति कि.मि.) | रु. १५० |
| २ | पक्की सडक (प्रति कि.मि.) | रु. १०० |

द्रष्टव्यः हतुवागढी गाउँपालिका वडा नं. ५ र ६ का सेवाग्राहीहरुको लागि तोकिएको दररेटमा १० प्रतिशत [illegible]नेछ ।

प्रेम कुमार राई
अध्यक्ष

अनुसूची २

(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्वन्धीत)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म........................................(नाम)............................................ ठगाना.................................. ना.प्र.प.नं...........................................जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं.......................................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । भोजपुर जिल्ला हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाका कार्यालय, घोडेटार, भोजपुरको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :

दस्तखत :

मिति : नाम/पद :

रोहबर :

प्रमाणित गर्ने :

दस्तखत :

मिति :

संस्थाको छाप :

अनुसूची ३
(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्वन्धित)

"ग" वर्गको **(Common Life Support** (CLS)) एम्वुलेन्समा हुनुपर्ने औषधी तथा उपकरणहरुको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Strethoscopre, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergent medicine.

प्रेम कुमार राई
अध्यक्ष

हतुवागढी गाउँ कार्यपालिका
घोडेटार, भोजपुर
१ नं प्रदेश, नेपाल

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४
(निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

०२९-४१२०७६, ४१२०२६
अध्यक्ष : ९८५२०५२०५८
प्र.प्र.अ. : ९८५२०८०४४४

प्रदेश नं.१, नेपाल
मिति :

...क श्री .....................................,
...तुवागढी गाउँ कार्यपालिकाको कार्यालय,
...डेटार, भोजपुर ।

यस कार्यालयको प्रदेश नं. १-०२-००१ झ ०७३७ नं. को एम्बुलेन्स प्रयोग गरि देहाय ...मोजिमको कार्य गर्न तपाईलाई यो कार्यादेश दिईएको छ ।

...ल

| खटिएको स्थान र कामको विवरण | कार्यालय देखि कार्यस्थल सम्मको दुरी (कि.मि) | चालकको सही | माग गर्नेको नाम/ मिति | रसिद नं. | जम्मा रकम ( अंक र अक्षरमा ) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

...............
स्वास्थ्य शाखा

...............
...न कुमार ...

**आज्ञाले :**

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हलेसीगढी राजपत्र